## मिति २०८०/०४/१९ गतेको गाउँ कार्यपालिकाको पहिलो बैठकमा पेश भएका प्रस्तावहरुः

| क्र.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १. | निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा । | यस गाउँ कार्यपालिकाका अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको प्रगति समिक्षा गर्ने । | |
| २. | नेपाल रेडक्रस सोसाईटी मार्फत सञ्चालन हुने आयोजना छनौट सम्बन्धमा । | नेपाल रेडक्रस सोसाईटी मार्फत सञ्चालन हुने आयोजना छनौट गर्ने । | |
| ३. | राष्ट्रिय विकास समस्या समाधान समितिका सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा । | राष्ट्रिय विकास समस्या समाधान समितिका सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा । | |
| ४. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा । | अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सुझाव कार्यान्वयन गर्ने । | |
| ५. | युवा परिषद् गठन सम्बन्धमा । | भगवतीमाई गाउँपालिका युवा परिषद् गठन गर्ने । | |
| ६. | कर्मचारी करार सेवामा लिने सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका अन्तर्गत रिक्त पदहरुमा विज्ञापन गरि कर्मचारी करार सेवामा पदपूर्ति गर्ने । | |
| ७. | शिक्षक दरबन्दी माग सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका अन्तर्गत रहेका १०+२ माध्यामिक विद्यालयमा शिक्षक दरबन्दी नेपाल सरकारसँग माग गर्ने । | |
| ८. | गाउँ कार्यपालिका अध्यक्ष ज्यूको बेलायत भ्रमण सिफारिस सम्बन्धमा । | यस गाउँपालिकामा बेलायत सरकारको सहायतामा सञ्चालित Coherence Programme, Nepal ले यस गाउँपालिकाका अध्यक्ष ज्यूलाई १० दिने भ्रमणको लागि छनौट गरेको हुँदा भ्रमण सिफारिस गर्ने । | |

## मिति २०८०/०४/१९ गतेको गाउँ कार्यपालिकाको पहिलो बैठकबाट भएका निर्णयहरुः

१. यस गाउँ कार्यपालिकाका अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको प्रगति अवस्थाको समिक्षा गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरु छिट्टै कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

२. यस गाउँपालिका अन्तर्गत नेपाल रेडक्रस सोसाईटी मार्फत सञ्चालन हुने आयोजना देहाय बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र. सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | भक्रेमुल डाँडाकटेरा रातामाटा मेतलपाटा खानेपानी तथा | वडा नं. ३ | |

| क्र. सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| | सरसफाई आयोजना | | |
| २. | रुम स्वास्थ्य चौकी घेरवार | वडा नं. २ | |
| ३. | भुवाल्ने खोला कट्टी खानेपानी तथा सरसफाई आयोजना मर्मत सुधार | वडा नं. ५ | |
| ४. | खोपकेन्द्र निर्माण-माईकाथान | वडा नं. ५ | |
| ५. | कालिका मा.वि. मन्घर शौचालय निर्माण | वडा नं. ४ | |
| ६. | पोखरा खानेपानी | वडा नं. ४ | |
| ७. | भगवतीमाई आधारभूत अस्पतालको लागि डिजिटल एक्सरे मेशिन खरिद | वडा नं. ३ | |
| ८. | सूर्यपानी रिचार्ज पोखरी निर्माण | वडा नं. ७ | |

३. राष्ट्रिय विकास समस्या समाधान समितिले स्थानीय तहसँग सम्बन्धी दिईएका देहायका सुझावहरु कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

क. संघीय नियामकहरुका लागि आवश्यक पर्ने यस गाउँपालिकाका सबै प्रकारका सूचना तथा तथ्याङ्कहरुका लागि राष्ट्रिय तथ्यगत विवरण (National Data Profile) को पोर्टलमा प्रविष्ट गर्ने

४. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट आदेश भएको देहाय सुझावहरु कार्यान्वयन गर्न/गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

क. "प्राविधिक कारणले पूर्व नतिजा आंकलन गर्न नसकिने तथा नवीनतम प्रविधिको प्रयोगबाट संचालन गर्नुपर्ने, प्राविधिक त्रुटी सच्याउने अवधि भित्र मर्मत सम्भार वा प्रतिस्थापन गर्न सकिने, जटिल र नितान्त प्राविधिक प्रकृतिका एवम् ठूला हेभी मेशीनहरु प्रयोग हुने निर्माण र खरिद जस्ता आयोजनाहरु संचालन गर्न उपभोक्ता समितिसँग प्राविधिक ज्ञान, सीप र औजारहरु समेत नहुने भएकोले उपभोक्ता समितिले पुनः ठेकेदार कम्पनीसँग सम्झौता गरि काम गर्ने गरेको हुँदा आयोजनाको गुणस्तर कायम नहुने, त्रुटी सच्याउने अवसर नहुने र खरिद प्रक्रियामा प्रतिस्पर्धा समेत नहुने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा भएको व्यवस्थालाई पूर्णपालना गर्न एवम् यस्ता जटिल र प्राविधिक प्रकृतिका आयोजनाहरुका काम उपभोक्ता समिति मार्फत नगर्न नराउन ।"

ख. नगरपालिका लगायतका सार्वजनिक निकायबाट जेनेरेटर प्रकृतिका मेशिनरी सामग्री उपभोक्ता समिति मार्फत खरिद गर्दा खरिद गरिएका सामग्रीको त्रुटी सच्याउने अवधी मा गर्न सकिने सुधारका सम्बन्धमा सार्वजनिक निकायलाई नोक्सानी हुन सक्ने भएकोले त्यस्ता सामग्री उपभोक्ता समिति मार्फत खरिद नगरी सम्बन्धित कार्यालयबाटै संघीय प्रदेश वा स्थानीय सरकारका प्रचलित ऐन नियम बमोजिम खरिद गर्ने आवश्यक व्यवस्था मिलाउने ।

ग. स्थानीय तहका पदाधिकारी एंवम् कर्मचारीहरुले वैदेशिक भ्रमण गर्नुपर्दा स्थानीय तहका पदाधिकारीहरुको विदेश भ्रमण सम्बन्धी निर्देशिका २०७५ र स्थानीय तहका कर्मचारीहरुको विदेश भ्रमण निर्देशिका २०७५ मा भएको व्यवस्था अनुसार अनिवार्य गर्न/गराउन

घ. स्थानीय तहहरुले सार्वजनिक खरिद कार्य गर्दा प्रचलित सार्वजनिक खरिद कानूनको अनुसरण गरि खरिद कार्य गर्न र विना आधार/कारण ठेक्का रद्ध नगर्न ।

ङ. संघीय संरचना अनुसार तिनै तहका सरकारलाई लागु हुने गरि विस्तृत परियोजना प्रतिवेदन निर्माण गर्ने सम्बन्धी आवश्यक मापदण्ड/कार्यविधि/निर्देशिका नर्म्स जो जे आवश्यक पर्ने हो सो को निर्माण गरी कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउनु हुन ।

५. भगवतीमाई गाउँपालिका युवा परिषद् कार्यविधि, २०७९ को दफा ५ बमोजिम युवा परिषद् गठन गर्न अर्को बैठकमा पुर्ण प्रस्ताव पेश गर्न सामाजिक विकास समितिलाई निर्देशन गर्ने निर्णय गरियो।

६. यस भगवतीमाई गाउँपालिका अन्तर्गत रिक्त देहायका पदहरुमा विज्ञापन गरि कर्मचारी करार सेवामा पदपूर्ति गर्ने ।

<u>तपसिलः</u>

| क्र.सं. | पद | कार्यालय | संख्या |
|---|---|---|---|
| १. | अ.हे.व. | स्वास्थ्य संस्थाहरु (रिक्त स्थायी दरबन्दी) | अति आवश्यक |
| २. | कार्यालय सहयोगी | ३ र ७ नं. वडा कार्यालय | २ |

७. बेलायत सरकारको सहायतामा संचालित Coherence Programme, Nepal ले मिति २०८० भदौ १७ गतेदेखि भाद्र २६ गते (3rd to 12 Setember 2023 ) सम्म संयुक्त अधिराज्य बेलायतमा Exposure Visit मा यस गाउँपालिका अध्यक्ष श्री गणेशबहादुर थापा ज्यूलाई सहभागी गराउने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८०/०४/१९ गत मा. मन्त्रिस्तर को निर्णानुसार यस गाउँपालिकाका अध्यक्ष ज्यूलाई सो भ्रमणमा लाग्ने सम्पुर्ण भ्रमण खर्च **कोहेरेन्स कार्यक्रम**ले व्यहोर्ने गरि मनोनयन गरिदिन हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

८. यस भगवतीमाई गाउँपालिका अन्तर्गत रहेका माध्यामिक विद्यालय (१०+२) मा शिक्षक दरबन्दी नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयसँग माग गर्ने ।

**<u>तपसिलः</u>**

| क्र.सं. | नामथर | ठेगाना | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १. | श्री गणेशबहादुर थापा | अध्यक्ष भगवतीमाई गा पा | -अध्यक्ष | |
| २. | श्री | युवा | -उपाध्यक्ष | का पा |
| ३. | श्री | युवा | | का पा |
| ४. | श्री | युवा | | का पा |
| ५. | श्री | युवा | | का पा |
| ६. | श्री | युवा | | का पा |
| ७. | श्री | युवा क्लव महिला | | परिषद् |
| ८. | श्री | यूवा क्लव पुरुष | | परिषद् |
| ९. | श्री | विशेष समुदाय महिला | | परिषद् |
| १०. | श्री | विशेष समुदाय पुरुष | | परिषद् |
| ११. | श्री | प्राविधिक क्षेत्र महिला | | का पा |
| १२. | श्री | प्राविधिक क्षेत्र महिला | | का पा |
| १३. | श्री शाखा प्रमुख | सामाजिक विकास शाखा | पदेन सदस्य | |
| १४. | श्री शाखा प्रमुख | शिक्षा यूवा तथा खेलकूद शाखा | सदस्य सचिव | |